कम्पनीको जारी पूँजी रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्ब) मध्ये १५% अर्थात रु.१५,००,००,०००/– (अक्षरेपी पन्ध्र करोड मात्र) रकम बराबर प्रति शेयर अंकित मूल्य रु.१००/- दरको १५,००,००० (पन्ध्र लाख) कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुको लागि १०% अर्थात १५०,००० कित्ता र सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् ७५,००० कित्ता शेयर बाँडफाँड गरी बाँकि रहेको १२,७५,००० कित्ता शेयर तथा आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुका लागि निष्काशन गरि बाँकी रहेको ९,२०० कित्ता शेयर समेत थप गरी जम्मा १२,८४,२०० कित्ता शेयर सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ) गरिएको छ ।

प्रति मेगावाट लागत सम्बन्धी विवरण

माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडद्वारा प्रवर्द्धित "माथिल्लो मैलुङ खोला जलविद्युत आयोजना" (१४.३ मे.वा.) को निर्माण अवधिको ब्याज (IDC) सहित प्रति मेगावाट लागत रु.१७,४८,२५,१७४/- (अक्षरेपी सत्र करोड अठ्चालिस लाख पच्चिस हजार एक सय चौहत्तर मात्र) तथा कुल लागत रु.२ अर्ब ५० करोड अनुमान गरिएको छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण

इजाजतपत्र वहाल रहने अवधि मिति २०६९/०९/२० देखि २१०७/११/२६ सम्म रहेकोले २७ वर्ष ६ महिना बाँकि रहेको छ ।

परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण

आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ७.८६ वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १२.२९ वर्ष रहेको छ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

sanima
Mathillo Mailun Khola Jalvidhyut Limited

माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड
Mathillo Mailun Khola Jalvidhyut Limited

रजिष्टर्ड कार्यालय : कामनपा-४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ, नेपाल ।
फोन नं.: ०१-४३७०२८२८, ४३७०३०३०, ४०१५७८८
इमेल: mailung@sanimahydro.com , वेबसाइट: www.sanimamailung.com

आह्वान–पत्र

यो विवरण–पत्र नभई केवल आह्वान–पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधि:

धितोपत्र निष्काशन खुल्ला मिति:	२०८०/०६/१८ गते देखि
धितोपत्र निष्काशन बन्द हुने मिति (छिठोमा) :	२०८०/०६/२२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८०/०७/०२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

दरखास्तसाथ प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने ।

दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या:	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या:	१०,००० कित्ता

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व २०७६/२०७७	आ.व २०७७/२०७८	आ.व २०७८/२०७९	आ.व २०७९/२०८० आषाढ मसान्त	आ.व २०८०/२०८१	आ.व २०८१/२०८२	आ.व २०८२/२०८३
प्रति शेयर नेटवर्थ (रु.)	९८.९५	९७.६९	९६.१४	९३.८५	९५.८८	१०४.१५	१०४.२०
प्रति शेयर आम्दानी (रु.)	(१.०२)	(२.१२)	(२.४९)	(२.१९)	०.४९	८.२३	१०.०४
संचित नाफा (नोक्सान) रु. हजारमा	(४,६३५)	(१४,२९८)	(२७,१०४)	(४६,१०५)	(४१,१९०)	४१,५२२	४१,९५४

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

यस विवरणपत्र अनुसार निष्काशन गारिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग्स नेपाल लिमिटेड, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "[CARE-NP BB (Is) [Double B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । "[CARE-NP BB (Is) [Double B (Issuer)]" ले Moderate risk of default regarding timely servicing of financial obligations in Nepal रहेको भन्ने बुझिन्छ । केयर रेटिङ्ग्स नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा -(घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ ।

रेटिङ्ग प्रदान गारेको मिति : डिसेम्बर ०९, २०२२ **बहाल रहने अवधि: डिसेम्बर ०८, २०२३**

प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी तथा संचित नाफा (नोक्सान) मा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

विवरण	वास्तविक (रु. हजारमा)			अपरिष्कृत	प्रक्षेपित (रु. हजारमा)		
	आ.व २०७६/२०७७	आ.व २०७७/२०७८	आ.व २०७८/२०७९	आ.व २०७९/२०८० आषाढ मसान्त	आ.व २०८०/२०८१	आ.व २०८१/२०८२	आ.व २०८२/२०८३
चुक्ता पूँजी	४३९,९२५	६००,०००	७००,०००	७५०,०००	१,०००,०००	१,०००,०००	१,०००,०००
अन्य जगेडा	–	–	–	–	–	–	–
जगेडा तथा कोषहरु	(४,६३५)	(१४,२९८)	(२६,९९७)	(४६,१०५)	(४१,१९०)	४१,५२२	४१,९५४
कुल नेटवर्थ	**४३५,२८९**	**५८५,६६७**	**६७३,००३**	**७०३,८९५**	**९५८,८१०**	**१,०४१,५२२**	**१,०४१,९५४**
शेयर संख्या	४,३९९	६,०००	७,०००	७,५००	१०,०००	१०,०००	१०,०००
प्रति शेयर नेटवर्थ (रु.)	९८.९५	९७.६१	९६.१४	९३.८५	९५.८८	१०४.१५	१०४.२०
प्रति शेयर चुक्ता पुंजी	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**
खुद नाफा नोक्सान (रु. हजारमा)	**(४,४८८)**	**(९,३२६)**	**(१४,६४६)**	**(१६,४०६)**	**४,९१६**	**८२,२८३**	**१००,४३२**
प्रति शेयर आम्दानी (रु.)	**(१.०२)**	**(२.१२)**	**(२.४९)**	**(२.१९)**	**०.४९**	**८.२३**	**१०.०४**
नेटवर्थमा औसत प्रतिफल	**(०.०१)**	**(०.०२)**	**(०.०२)**	**(०.०२)**	**०.०१**	**०.०८**	**०.१०**

उक्त वित्तीय विवरणहरु कम्पनीको व्यवस्थापले तयार गरी चार्टर्ड एकाउन्टेन्ट संस्था बराल एण्ड के.सी. एसोसियट्सले पुनरावलोकन गरी ठिक छ भनी प्रमाणित गर्नुभएको हो ।
विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (०.०२)

प्रक्षेपणका आधार तथा तरिका

विवरण	प्रक्षेपणका आधार तथा तरिका
आयोजनाको लागत (Project Cost)	रु. ९ अर्ब ५० करोड
विद्युत उत्पादन अवधि	२८ आर्थिक वर्ष
विद्युत उत्पादन आम्दानी अवधि	२७ वर्ष ६ महिना
शेयर पूँजी र ऋण पूँजीको अनुपात	७१.२५:२८.७५
ऋणको अवधि	१२ वर्ष
ऋणको औसत ब्याजदर	११%
साधारण बट्टा दर आयोजना (Discount Rate) (Project)	११.४१% WACC of Debt and Equity rate of return
साधारण बट्टा दर पूँजी (Discount Rate) (Equity)	१२.४३% (Calculated based on Market rate of return)
परियोजना मर्मत सम्भार खर्च	आयोजना लागतको वार्षिक ०.६५%
प्रति महिना कार्यालय सञ्चालन खर्च	रु ५० लाख वार्षिक
परियोजना मर्मत सम्भार कार्यालय सञ्चालन खर्चमा वृद्धि	५.०% प्रत्येक वर्ष
बिमा	आयोजना लागतको वार्षिक ०.३२%
प्रति महिना कर्मचारी पारिश्रमिक शुल्क	रु.२३,००,०००/- (वृद्धि सहित)
कर्मचारी खर्च वृद्धि	५%
बिमा शुल्कमा वृद्धि	५%
कर्मचारी बोनस दर	२% खुद नाफाको
ब्यापारिक उत्पादन मिति बाट १० वर्ष सम्म आयकर	०%
ब्यापारिक उत्पादन मिति बाट १० देखि १५ वर्ष सम्म आयकर	१२.५% खुद नाफाको
ब्यापारिक उत्पादन मिति बाट १५ वर्ष पछिको आयकर	२०% खुद नाफाको

विवरण	प्रक्षेपणका आधार तथा तरिका
विद्युत खरिद दर (वर्षायाम) रु. प्रति कि.वा.घ.	रु. ८.८ प्रति कि.वा.घ.
विद्युत खरिद दर (सुख्खायाम) रु. प्रति कि.वा.घ.	रु. ८.८ प्रति कि.वा.घ.
वृद्धि अवधि/दर	प्रति वर्ष ३ %, ५ पटक
एजेन्सी शुल्क	आवधिक कर्जाको वार्षिक ०.१ % अथवा रु १५ लाख जुन बढी हुन्छ त्यही
परियोजनाको सम्पत्ति, प्लान्ट र उपकरण	पट्टा हास कट्टी विधि (WDV Basis)
परियोजना सम्पत्तीको ह्रास कट्टि	परियोजनाको इजाजतपत्र अवधि भर स्थिर ह्रास कट्टि दर
बिक्रि रोयल्टी पहिलो (१५ वर्ष सम्म)	आयको वार्षिक २%
बिक्रि रोयल्टी (१५ वर्ष पछि)	आयको वार्षिक १०%
क्षमता (Capacity) रोयल्टी पहिलो १५ वर्ष सम्म	१०० रुपैया प्रति कि.वा
क्षमता (Capacity) रोयल्टी पहिलो १५ वर्ष पछि	१,००० रुपैया प्रति कि.वा
अमुर्त सम्पत्ती (विकास)/अमुर्त सम्पत्ती (निर्माण)	मध्य मैलुङ खोला जलविद्युत आयोजना तथा माथिल्लो मैलुङ "बि" जलविद्युत आयोजनाको अध्ययनका आधारमा हुने वास्तविक लागतका आधारमा लेखाङ्कन गरि अमुर्तमित गरीएको ।
आम्दानी	PPA मा भएको Contract Energy को शतप्रतिशत रकम लिईएको छ । Contract Energy लिंदा गर्ने क्रममा नै सम्भावित ४ प्रतिशत नोक्सानी घटाई गणना गरिएकाले प्रक्षेपित आय गणना गर्दा खुद Contract Energy लाई शतप्रतिशत मानि आय गणना गरिएको ।

(१४) अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
➢ आयोजनाको निर्माणको लागि आवश्यक वित्तीय साधनको प्रबन्ध भईसकेको र आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा वित्तीय साधनको अभावको अवस्था रहेको छैन । भविष्यमा नयाँ आयोजनाहरु निर्माण तथा सञ्चालन गरिने भएमा उपयुक्त वित्तीय साधनको व्यवस्थापन गरी लगानी गरिने छ ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
➢ जलवायु परिवर्तन वा अन्य कारणले नदीको बहावमा परिवर्तन आउन सक्ने सम्भावना रहन्छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो । तर, आयोजनाको निर्माण गर्दा लामो अवधिको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा क्षमता निर्धारण गरिएको हुँदा तत्काल यस प्रकारको समस्या आउने सम्भावना न्यून रहेको छ ।
➢ आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु सिमेन्ट, फ्लाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइरहेको हुनाले कच्चा पदार्थको अभाव हुने अवस्था छैन ।

(ग) उत्पादन तथा सेवाको बजार स्थिति र जजमा आउने परिवर्तनबाट हुने जोखिम :
यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा विद्युत बिक्रिको सुनिश्चितता रहेको छ । नेपालमा विद्युतको माग बढी रहेको र छिमेकी मुलुकमा समेत विद्युत निर्यात गर्न सकिने प्रबल सम्भावना रहेको हुँदा बजारको स्थितिमा आउने परिवर्तनहरु थप सकारात्मक हुने देखिएको छ । विद्युत खरिद सम्झौताको प्रावधान अनुसार आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सुनिश्चितता गरेको छ ।

(घ) आयोजना सम्पन्न हुन बिलाई हुने सम्भावना र ल्याजबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :
COVID-19 का कारण आयोजनामा केही ढिलाई भएको ।. यस ढिलाईबाट सो अवधिको विद्युत बिक्रि आय प्रभावित हुनेछ । तर, आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा यस विवरणपत्रमा उल्लेखित आयोजना लागत बढ्ने सम्भावना रहेको छैन । त्यसैगरी यस ढिलाईबाट विद्युत खरिद दरमा कुनै प्रतिकूल असर पर्ने छैन ।

(ङ) विदेशी विनिमयको जोखिम :
कम्पनीले प्रवर्द्धन गरिरहेको आयोजनाको ईलेक्ट्रोमेकानिकल सम्बन्धी उपकरण, संरचना निर्माण तथा जडान आदि कार्यका लागि कम्पनीले चिनियाँ ठेकेदारसँग गरेको सम्झौता बमोजिम अमेरिकी डलरमा रकम भुक्तानी गर्नु पर्ने भएकोले सो हदसम्म विदेशी विनिमयको जोखिम रहेको छ, जुन कम्पनीको नियन्त्रणभन्दा बाहिरको विषय हो ।

(च) कालुनी प्रत्याभरण गर्नुपर्ने शर्त बन्देजहरु उस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :
सर्वसाधारणमा निष्काशन जारिने साधारण शेयर निजन बमोजिम प्रत्याभरण गुरुयो भएको अवस्थामा शेयर खरिद जर्ने आवेदन दिन सक्नेछन् :
१. यस विवरण पत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहने सर्वसाधारणले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।
२. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अनर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूची ५ बमोजिम हुनुपर्नेछ ।
३. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिंग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् ।
४. रितपूर्वक पाएर नभएको दरखास्त तथा आवेदन फारममा उल्लेख भएको हिताग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारमलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फारममा भरेको हिताग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।
५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिंदै हुंदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।
६. धितोपत्र बाँडफाँड गर्नु पूर्व अहिलेयार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।
७. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारमबा खुलाउनु पर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको वर्गिकृत हुने गरी आर्जन गरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

(१८) नियमावली, प्रवन्धपत्र प्राप्त गर्न वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, शंखपार्क धुम्बाराही, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक सानिमा क्यापिटल लिमिटेड सम मार्ग, नक्साल, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ ।

(१९) धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण : यस विवरण मार्फत सर्वसाधारण (स्थानीय वासिन्दाहरु समेत) मा निष्काशन गरिने रु.१०० अंकित दरका २५,००,००० कित्ता शेयर बराबरकी रकम कम्पनीद्वारा प्रवर्द्धित १४.३ मे.वा. जडित क्षमताको माथिल्लो मैलुङ खोला जलविद्युत आयोजनामा देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछ ।

क्र.सं.	विवरण	रकम (रु.)
१.	सिभिल निर्माण खर्च	१२,६८,००,०००.००
२.	हाइड्रोमेकानिकल खरिद तथा जडान खर्च	४,०६,१०,०००.००
३.	इलेक्ट्रोमेकानिकल खरिद तथा जडान खर्च	६३,१२,०००.००
४.	विद्युत प्रसारण लाइन निर्माण खर्च	५,२७,२०,०००.००
५.	प्रशासनिक तथा ईन्जिनियरिंग व्यवस्थापन खर्च	२,३४,५७,०००.००
	जम्मा	**२५,००,००,०००.००**

(२०) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

क.सं	विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान :
१.	सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौ र website: www.sanima.capital
२.	माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड, शंखपार्क, धुम्बाराही, काठमाण्डौ र website: www.sanimamailung.com
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र website: www.sebon.gov.np

सर्वसाधारण लगानीकर्ताहरुको लागि मात्र :

क.सं	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु ।

(२१) निष्काशन बैंक (Bankers to the Issue):

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	श्री सानिमा बैंक लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।	Sanima Capital Ltd (Mathillo Mailun IPO)	९०१००१०००००३३०

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

(२२) धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्र मार्फत सर्वसाधारणका लागि निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिनसम्म खुल्ला रहनेछ ।

(२३) भुक्तानी सुम्ने र समाधान गर्ने प्रक्रया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेडको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्रीमती रश्मी रिजाललाई फोन नं.:०१-४५४०५०८ तथा Email Address: rashmirijal.sc@sanimabank.com मार्फत सम्पर्क गरी प्रेषित गर्न सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिष्टर्ड कार्यालय: सम्मार्ग, नक्साल, काठमाण्डौ, नेपाल, फोन नं.: ०१-४५४०५०८
Email: sanimacapital@sanimabank.com, Website: www.sanima.capital

---

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८०/०३/२१ (संशोधित विवरण-पत्र स्वीकृत भएको मिति २०८०/०६/०७) तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८०/०३/२४ ।

(१) संस्थाको नाम: माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड (Mathillo Mailun Khola Jalvidhyut Limited) ।

(२) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :
कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०६९/०४/३० गते पब्लिक लिमिटेडको रुपमा "माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड" को नाममा दर्ता भई स्थापना भएको पब्लिक कम्पनी हो ।

(३) संस्थाको रजिष्टर्ड ठेगाना:
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ४, शंखपार्क, धुम्बाराहीमा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित कार्यालयको स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालय खोल्न सकिनेछ ।

(४) कारोबार गर्ने मुख्य स्थान :
यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं.४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ र बागमती प्रदेश, रसुवा जिल्ला, उत्तरगया गाउँपालिका वडा नं.१ मा माथिल्लो मैलुङ खोला जलविद्युत आयोजनाको कार्यालय रहेको छ ।

(५) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

यस कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :
(१) संस्थापक शेयरधनी मोल्मिया पावर लिमिटेडको रसुवा जिल्ला स्थित १४.३ मे.वा. जडित क्षमताको माथिल्लो मैलुङ खोला जलविद्युत आयोजनाको अनुमतिपत्रको स्वामित्व तथा हकाधिकार यस कम्पनीमा कानून बमोजिम हस्तान्तरण भए पश्चात उक्त आयोजना निर्माण तथा सञ्चालन गर्ने, गराउने तथा अन्य जलविद्युत आयोजना निर्माण गर्ने, सञ्चालन गर्ने उद्देश्यका साथ मिति २०६९/०४/३० मा कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६९/०४/३० मा कारोबार सञ्चालन गर्ने अनुमति प्राप्त गरी कारोबार गर्दै आएको छ । विद्युत विकास विभागको मिति २०७४/०२/२६ गतेको स्वीकृति पत्र बमोजिम उक्त आयोजनाको स्वामित्व यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको नामामा हस्तान्तरण भएको हो ।
(२) यस कम्पनीले रसुवा जिल्ला, उत्तरगया गाउँपालिका वडा नं.१ भई बग्ने मैलुङ खोलाको बहाव सदुपयोग हुने गरी १४.३ मे.वा. मैलुङ खोला जलविद्युत आयोजना निर्माण गरिरहेको छ । यस आयोजनाबाट उत्पादन हुने विद्युतीय उर्जालाई यस आयोजनाको स्वीचयार्डबाट ११ कि.मि. लामो ११२ के.भी. को सिङ्गल सर्किट विद्युत प्रसारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको निर्माण भईरहेको तुवाकोट जिल्लाको पहिरेको स्थित सिङ्गती ढि वि बस-दोस्रामा पुऱ्याई राष्ट्रिय प्रसारण ग्रलाभिन्न जमातित गरिने छ । हाल सम्मय सम १३२ के.भी. प्रसारण लाइनको ८६ प्रतिशत निर्माण कार्य सम्पन्न भई सकेको छ ।
(३) यस आयोजनाको कुल अनुमानित लागत रु.२ अर्ब ५० करोड रहेको छ भने यस आयोजनाले व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date – RCOD) २०८०/०४/१५ तोकिएको भएतापनि उक्त मितिमा व्यापारिक उत्पादन सुरु हुन नसकेकाले व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date – RCOD) का लागि २०८०/०६/१४ गते माग गरि नेपाल विद्युत प्राधिकरणमा निवेदन दर्ता गरि प्रकृयामा रहेको छ । हाल सम्म यस आयोजनाको सिभिल कार्य, हाइड्रोमेकानिकल कार्य, इंलेट्रोमेकानिकल कार्य र प्रशारण लाइन गरि समग्र निर्माण कार्य करिब ९९ प्रतिशत सम्पन्न भइसकेको छ ।

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार उक्त निष्काशन परयाट हुने कम्पनीको चुक्ता पुँजीको संरचना देहाय बमोजिम रहेको छ:

क्र.सं.	शेयरधनीहरु	शेयर संख्या	चुक्ता रकम (रु.)	पुँजी संरचना	कैफियत
१.	संस्थापक शेयरधनी समुह "क"	७०,००,०००	७०,००,००,०००	७० %	शत् प्रतिशत चुक्ता
२.	सर्वसाधारण शेयरधनी समुह "ख"				
	क. स्थानीय वासिन्दाहरु	१०,००,०००	१०,००,००,०००	१० %	निष्काशन पश्चात्
	ख. सर्वसाधारणहरु	१५,००,०००	१५,००,००,०००	१५ %	निष्काशन पश्चात्
३.	कम्पनी/आयोजनामा कार्यरत कर्मचारीहरु/कामदार समुह "ग"	५,००,०००	५,००,००,०००	५ %	शत् प्रतिशत चुक्ता
	जम्मा	**१,००,००,०००**	**१,००,००,००,०००**	**१०० %**	

(४) यस आयोजनाको विद्युत उत्पादन अनुमतीपत्र विद्युत विकास विभागबाट मिति २०६९/०९/२० मा मोल्मिया पावर लि.को नाममा प्राप्त गरि मिति २०७४/०२/२५ गते यस माथिल्लो मैलुङ खोला जलविद्युत लि. को नाममा स्वामित्व हस्तान्तरण भएको हो । मिति २०६७/०४/२६ मा ऊर्जा मन्त्रालयबाट आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) स्वीकृत भएकोमा मिति २०७८/०३/०७ मा पुरक प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (SIEE) ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट स्वीकृत भएको छ । आयोजनाको विद्युत उत्पादन अनुमति पत्र विद्युत विकास विभागबाट मिति २०६९/०९/२० मा प्राप्त भएको थियो भने सो अद्यावधिक भई मिति २०७८/११/०९ गतेको पत्र अनुसार आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र मिति २१०७/११/२६ गते समम बहाल रहने छ ।
(५) यस कम्पनीले रसुवा जिल्ला, उत्तरगया गाँउपालिका वडा नं. १ बमे मैलुङ खोलाको बहाव सदुपयोग हुने गरी १४.३ मे.वा. मैलुङ खोला जलविद्युत आयोजना निर्माण गरिरहेको छ ।
(६) यस आयोजना तथा यस अन्तर्गत निर्माण तथा विकास प्रकृयामा रहेका आयोजनाको प्रमुख विशेषताहरु निम्नानुसार रहेको छ :

विवरण / आयोजना	माथिल्लो मैलुङ खोला जलविद्युत आयोजना (१४.३ मे.वा.)
स्रोत नदीको नाम	मैलुङ खोला
ग्रस हेड	४९.५ मि.
जलाभार क्षेत्र	७२ वर्ग कि.मि.
औषत जल प्रवाह	३.६५ घनमिटर प्रति सेकेण्ड